नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०८२/०१/१६

## प्रेस विज्ञप्ती

आज मिति २०८२ साल बैशाख १६ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री मा. रघुजी पन्तसँग एशोशियशन अफ प्राइभेट मेडिकल एण्ड डेण्टल कलेज अफ नेपाल (Association of Private Medical and Dental College of Nepal) का अध्यक्ष डा. ज्ञानेन्द्रमान सिंह कार्कीको प्रतिनिधि मण्डलले भेट गरी छलफल सम्पन्न भयो। छलफलका क्रममा अध्यक्ष डा. ज्ञानेन्द्रमान सिंह कार्कीले चिकित्सा शिक्षा आयोगको मिति २०८१/१०/२५ गते बसेको १६औं बैठकवाट निर्देशन भए बमोजिम सम्पूर्ण आवासीय चिकित्सकलाई बैठकवाट पारित भएको निर्वाह भत्ता मासिक रु. ४८,७३७/- (अक्षरेपी अठ्चालिस हजार सात सय सैतीस रुपैया मात्र) रकम प्राइभेट मेडिकल एण्ड डेण्टल कलेजको तर्फबाट सम्वन्धित शिक्षण संस्थामा उपस्थित हुनासाथ उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गर्नु भएको छ।

तसर्थ, यस्तो सहमति भइसकेको सन्दर्भमा प्रदर्शनमा उत्रनु भएका सवै आवासीय चिकित्सकहरूलाई तत्काल प्रदर्शन कार्यक्रम स्थगित गरी अस्पतालमा फर्केर विरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न मन्त्रालय आग्रह गर्दछ।

शिवकुमार सापकोटा
प्रबक्ता एवम् सहसचिव